# 'लछमनियाको गौना' कथामा आञ्चलिकता

❋ **बोमबहादुर खड्का**
bom4khadka@gmail.com

**अध्ययनसार**

*प्रस्तुत अनुसन्धानात्मक लेख सनत रेग्मीद्वारा लेखिएको 'लछमनियाको गौना' कथा आञ्चलिकता शीर्षकमा केन्द्रित छ। कथामा कथाञ्चलको भौगोलिक स्थिति, सामाजिक सांस्कृतिक अवस्था, वालविवाहको परम्परा, भाषिक प्रयोगलाई जीवन्त रूपमा र यथार्थपरक चित्रण गरिएको छ। यस कथाको भूगोल मुख्यतः राप्ती नदी पारि ग्रामीण बस्तीका सीवान, जोगा गाउँ, चकचुइया भूला इलाका रहेको र यसका अतिरिक्त नेपालगञ्जको बजार, भारतको गङ्गापुर र रामपुरसम्म फैलिएको देखिन्छ। कथामा लछमनिया र गङ्गापुरवालाको बाल्यकालमै बालविवाह भई अहिले दुवै जना जवान भएका अवस्थामा पति लछमनियालाई गौना गरी घरमा लैजान चाहने र लछमनियाको बाबु गङ्गापुरवालालाई घरज्वाइँ राख्न चाहेको कुरा कथामा मुख्य रूपमा उठाइएको छ। गौना माग्ने र गौना नदिने यी दुईका जुधाई र मिचाइमा लछमनियाको जवानी परेको कुरा कथामा मार्मिक रूपमा प्रस्तुत गरिएको छ। अन्ततः जवानीले अत्तालिएकी लछमनिया दक्षिणतर्फको सीवानमा घाँस खुर्कंदै गर्दा एकदिन गङ्गापुरवाला जस्तै देखिने रामपुरवालासँग भेट हुन्छ। बातचितमा रामपुरवालाले आफूलाई गङ्गापुरवाला हुँ भनी छलछाम गरि लछमनियालाई साइकलमा राखेर नेपाल भारतको सीमा क्षेत्र भारतको विहारतर्फ भगाई उसको भविष्य अनिश्चित बनाइएको कुरा कथाले सङ्केत गरेको छ।*

**प्रमुख शब्दावली** : गौना, गङ्गापुरवाला, महुवारी, भोरहरीको सपना र बरमराकस।

## विषयपरिचय

'लछमनियाको गौना' कथाका कथाकार सनत रेग्मी (६, असोज, २००४) द्वारा लिखित कथा हो। *मातृत्वको चित्कार* (२०२४), *चन्द्रज्योत्सना र कालो बादल* (२०२५), *दिनान्त* (२०३५), *बन्द कोठाहरूको सहर* (२०४५), *लछमनियाको गौना* (२०५०), *समयसत्य* (२०५४), *सनत रेग्मीका प्रतिनिधि कथा* (२०६०), *स्मृति-दश र अन्य कथाहरू* (२०६६) कथासङ्ग्रहहरू र *सनत ७५* (२०७८) सनत रेग्मीका रोजा कथा गोपाल अश्कद्वारा सम्पादित कथासङ्ग्रह समेत प्रकाशित गरेका छन् । रेग्मीको प्रथम रचना हिन्दीमा 'समाजकी बेटी' (*मराल,* २०१७) शीर्षक कथा प्रकाशित गरेको देखिन्छ। नेपाली साहित्यमा भने नारी ( *नौलो पाइलो,* १/१,२०१९) कविता उनले प्रथम रचना प्रकाशित गरी प्रारम्भ गरेका हुन्। २०१९ देखि नेपाली साहित्यमा प्रवेश गरेका देखिए पनि २०२३ देखि कथा लेखनमा आफूलाई समर्पित गरेको देखिन्छ। प्रमाणपत्र-तहसम्म अध्ययन गरेका रेग्मीले जीवनका केही महत्त्वपूर्ण समय राजनीति एवं सामाजिक क्षेत्रमा समेत व्यतीत गरेका छन्। नेपालगञ्जबाट प्रकाशित *दियालो* (२०२७-२०२८), *समय* (२०२७-२०२८),

❋ **लेखक अनुसन्धानको क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन्।**

वर्तमान (२०४४-२०४५) समेत विभिन्न पत्रिकाका सम्पादन गरेका कथाकारले नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिवको समेत जिम्मेवारी पूरा गरिसकेका रेग्मी सामाजिक यथार्थवादी कथाकार हुन्। उनका कथामा खासगरी सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका दुर्बल र विकृत पक्षको चित्रण पाइन्छ। पात्रका मनोवैज्ञानिक समस्याको सूक्ष्म अध्ययन गरी देखिएका कुरालाई खरो रूपमा उठान गरी मनोविश्लेषणवादी कथाकारका रूपमा प्रभावपूर्ण उपस्थिति देखाएका छन्। नेपाली साहित्यमा उनी आञ्चलिक कथाकारका रूपमा परिचित छन्। उनका आञ्चलिक कथाको परिवेश मूलतः नेपालगञ्ज वरपरको ग्रामीण तथा सहरी क्षेत्र रहेको पाइन्छ। उनले आञ्चलिक कथामा तराई-मधेसका निम्नवर्गीय पुरुष तथा महिलाका विविधखाले समस्यालाई उजागर गरेका छन्। उनका तराई-मधेसका समस्यामा केन्द्रित कथाको भाषा तत्स्थानिक जाति र लवजअनुसार रोचक प्रस्तुति छन्। सबैजसो कथाको भाषाशैली सरल र सुबोध्य रहेका छन्। त्यसैगरी आञ्चलिकताभित्र समान जाति, संस्कृति, परम्परा, भाषा, हावापानी, भूगोल, धर्म, आर्थिक अवस्था, प्रशासनिक ढाँचा, आदि रहन्छ। आञ्चलिकता शब्दले विशेष रूपले स्थानीयतालाई चिनाउने काम गर्दछ।

**सैद्धान्तिक पर्याधार**

अञ्च धातुमा अचल प्रत्यय लागेर अञ्चल शब्द बनेको हो। अञ्चल शब्द संस्कृतबाट आएको तत्सम शब्द हो। (आप्टे, सन् १९६६, पृ. १४) अङ्ग्रेजीको रिजन शब्द ल्याटिनको रेजिओ शब्दबाट बनेको हो। जसको अर्थ लक्ष्य, मार्ग, सीमावद्ध र गतिशील क्षेत्र भन्ने हुन्छ। कुनै एउटा निश्चित क्षेत्र विशेषमा अवस्थित एकै किसिमको भूगोल, भाषा र संस्कृतिका समान विशेषता भएको क्षेत्रलाई रिजन भनिएको हो। रिजनमा निश्चित भूगोल, क्षेत्र, जुन क्षेत्रमा निश्चित प्रकारको प्राकृतिक विशेषता, हावापानीको अवस्था, विशेष प्रकारका वन्यजन्तु, रूख विरूवाहरूका विशेष प्रकारका विशेषताहरू पर्दछन्। त्यसैगरी अङ्ग्रेजी रिजन शब्दबाट नेपालीमा अञ्चल शब्द र अञ्चल शब्दको अर्थबाट कुनै पनि ठाउँ, क्षेत्र र प्रदेशको कुनै एक भाग भन्ने बुझिन्छ। नेपालको सन्दर्भमा हामीले सामान्य रूपमा बुझ्दै र व्यवहारमा प्रयोग गर्दै आएको नेपालका मेची, कोशी, कर्णाली, महाकाली जस्ता चौध अञ्चलका विकास, प्रशासनिक र राजनीतिक क्षेत्रमा विभाजन गरिएको पाइन्छ। हरेक अञ्चलका फरक-फरक विशेषताहरू रहेका हुन्छन्। अञ्चल भित्र निश्चित भूगोल, जनसङ्ख्या, जाति, आर्थिक अवस्था, सामाजिक अवस्था, रीतिथिति, धर्म, संस्कृति, वेशभूषा, रहनसहन, चाडपर्व, मनोभाव, आस्था, मान्यता, भाषा, हावापानी, बोटबिरुवा, तालतलैया, प्रशासनिक तथा राजनीतिक गतिविधि रहन्छन्।

आञ्चलिक शब्दमा 'ता' प्रत्यय लागेर आञ्चलिकता शब्द बनेको हो। आञ्चलिकता शब्दको अर्थ अञ्चलसँग सम्बन्धित रहेको छ। त्यही अञ्चलमा प्राकृतिक एवं सामाजिक स्तरमा देखिएका निजी विशेषता एवं मौलिकतालाई नै आञ्चलिकता भनिन्छ। यसलाई अञ्चल विशेषसँग सम्बन्धित सिद्धान्त वा मान्यताका रूपमा लिने गरेको पाइन्छ। कुनै पनि अञ्चलमा बस्ने बासिन्दाका जनमासको मानसपटलमा गहिरिएर रहेको अञ्चल विशेषसँग सम्बन्धित विशिष्ट भौगोलिक सांस्कृतिक खोजको नाम नै आञ्चलिकता

हो। कुनै पनि मुलुकको काल, जाति, धर्म, भौगोलिक, प्रशासनिक र राजनीतिक भित्रको संस्कृति नै आञ्चलिकता हो। त्यसैगरी कुनै पनि अञ्चलमा आधारित रहेर कुनै निश्चित क्षेत्र, प्रदेश वा अञ्चल विशेषमा केन्द्रित रहेका त्यहा'का विशेषता, सिद्धान्त, मूल्यमान्यता, वेशभूषा, चालचलन, भूगोल, प्रकृति, समाज, संस्कृति, लोकतत्त्व, राजनीतिक, आर्थिक, इतिहास, भाषा आदिको समष्टि रूप नै आञ्चलिकता हो। समग्रमा भन्नुपर्दा कुनै पनि निश्चित अञ्चल वा क्षेत्र विशेषमा केन्द्रित साहित्य, समाजशास्त्र, भौगोलिक अध्ययन, राजनैतिक अध्ययन गर्ने सिद्धान्तलाई नै आञ्चलिकता भनिन्छ। आञ्चलिकतामा खास क्षेत्रको खास विशेषतासँग सम्बन्धित रहेर साहित्यिक लेखन गरिन्छ। आञ्चलिक साहित्यबारे बुझ्नका लागि केही कोश र विद्वान्हरूका भनाई उद्धृत गर्न सान्दर्भिक हुने देखिन्छ। भारतीय समालोचक नगीना जैनले आञ्चलिकताका बारेमा यस किसिमको धारणा राखेकी छन् : आञ्चलिकताको अर्थ-क्षेत्रविशेषको सत्यको उद्‌घाटन गरिएको जीवन जो कुनै एक परिवेश विशेष नभई त्यस खण्डको समग्र क्षेत्रीयताको प्रतीक हो। अञ्चलको भौगोलिक वा सामाजिक वा सांस्कृतिक सीमाबद्ध खास क्षेत्रको सामान्य जीवनसत्यको अन्तर वा एकरूपताको निदर्शन, देश-काल, जाति, धर्म, भौगोलिक स्थिति, आर्थिक-सामाजिक प्रणाली र रीति-नीतिको मनोवैज्ञानिक रहस्यका बीच स्थापित क्षेत्रीय जीवनको स्वीकृतिको अभिव्यक्ति नै आञ्चलिकता हो (सन् १९७६, पृ.५)। इन्साइक्लोपेडिया ब्रिटानिकाका अनुसार रिजन वा अञ्चल भनेको एकै किसिमको समाज, एकै किसिमको संस्कृति र समान विशेषता भएको क्षेत्र हो (सन् १९८०,पृ.४८००)। "ज्ञानविज्ञानका क्षेत्रमा नयाँनयाँ मूल्य, मान्यता, प्रवृत्ति र सिद्धान्तहरू जन्मिने गरेको पाइन्छ। साहित्य, कला, समाजशास्त्र, राजनीतिशास्त्र आदि ज्ञानविज्ञानका क्षेत्रमा जन्मिएका सिद्धान्त वा मान्यतामध्ये 'आञ्चलिकता' पनि एक हो। कुनै क्षेत्र विशेषमा केन्द्रित रहेर त्यस क्षेत्रको भूगोल तथा प्राकृतिक अवस्था, समाजिक स्थिति, संस्कृति तथा लोकव्यवहार, ऐतिहासिक आदि स्थितिको उजागर गर्ने मान्यतालाई आञ्चलिकता भनिन्छ " (सुवेदी, २०६८, पृ. १७ )। "अञ्चल शब्द भाषा-साहित्यका क्षेत्रमा आउँदा राज्यद्वारा निर्धारित क्षेत्र वा अञ्चलविशेष पनि हुन सक्दछ र निश्चित प्रकारको भौगोलिक, सामाजिक, सांस्कृतिक आदि विशेषताले युक्त क्षेत्र पनि हुन सक्दछ " (सापकोटा, २०७४)। जेजति र जेजस्तो विशेषताले युक्त भए पनि सो क्षेत्र अन्य क्षेत्रभन्दा भिन्न र विशिष्ट हुन आवश्यक छ। यस्तो विशिष्टता र भिन्नता मिश्रित संस्कृति हुने सहरबजारमा भन्दा ग्रामीणक्षेत्रमा धेरै पाइने भएकाले आञ्चलिक साहित्यको विषयवस्तु ग्रहणका लागि ग्रामीण क्षेत्र उपयुक्त मानिन्छ। यसमा आञ्चलिक कथाकारले अञ्चल-प्रदेश विशेषको भौगोलिक स्थिति संस्कृति, रीति, रहनसहन, वेशभूषा, धार्मिक, विश्वास, रूढि, चाडपर्व, मेला, तमसा, नृत्य, गीत, राजनीतिक चेतना, आर्थिक अवस्थाको सूक्ष्म निरीक्षण गरी त्यसको चित्रण गर्दछ।

यसरी माथि आञ्चलिक वा आञ्चलिकताका सन्दर्भमा विभिन्न विद्वान्द्वारा गरिएका परिभाषा र विश्लेषणका आधारमा आञ्चलिक कथामा क्रमबद्ध बनेर आउने त्यस अञ्चलका केही निश्चित प्राकृतिक वा मानव निर्मित तत्त्वको उपस्थिति रहेको हुन्छ। कथाञ्चलको तत्त्वका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्ना तत्त्वहरूलाई मान्यता दिई व्याख्या विश्लेषण गरेको पाइएता पनि समग्रमा कथाञ्चलमा पाइएका भौगोलिक

वा प्राकृतिक अवस्था, सामाजिक संस्कृति तथा लोकतत्त्वको उपस्थिति, आर्थिक अवस्था, शैक्षिक अवस्था र भाषिक स्थितिलाई यस लेखमा आञ्चलिक तत्त्वका रूपमा निर्धारण गरी विश्लेषण गरिएको छ।

**'लछमनियाको गौना' कथाको विश्लेषण :**

**भौगोलिक वा प्राकृतिक अवस्था**

'लछमनियाको गौना' कथामा भौगोलिक तथा प्राकृतिक पर्यावरणले त्यहाँको सामाजिक जनजीवनलाई प्रभावित पारेको छ। कथामा भूगोल तथा प्रकृतिसँग जोडिएका प्रकृतिजन्य सन्दर्भको उपस्थितिको साथै प्रकृतिको काखमा लछमनिया सुतेकी कुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छ : चैतको पुरबैया हावा भर्खर-भर्खर मन्द भएको छ। खेत सिवानमा महुवाका फूल झर्न थालेका छन्। शुक्र अस्त भैसकेको छ। बिहानको झिसमिसे उज्यालाको तरखर छ। घरबाहिर नीमको फेदीमा खाट ओछ्याएर लछमनिया सुतेकी छ (पृ. २१२)।

प्रस्तुत कथनानुसार बाँके जिल्लाको राप्ती नदीको दक्षिणी भेक तराई भएपनि दुर्गम क्षेत्रका रूपमा परिचित क्षेत्र हो। "जुनसुकै अञ्चल निश्चित र विशिष्ट भौगोलिक पर्यावरणभित्र रहेको हुन्छ। कुनै पनि अञ्चलको आफ्नो भौगोलिक क्षेत्र र त्यसको विशिष्टता हुने गर्छ। अञ्चलको भौगोलिक पर्यावरणका साथै त्यसको प्राकृतिक पर्यावरण पनि आउँछ। भूबनोट, त्यसको अवस्थिति आदिले त्यहाँको प्राकृतिक वातारणमा प्रभाव पार्दछ। त्यहाँको हावापानी, मौसम आदिले त्यहाँको भौगोलिक विशिष्टता कायम गरिदिन्छ "(सुवेदी, २०६८, पृ. ४१)। यसअनुसार कथाञ्चलको क्षेत्रमा गर्मी मौसम छ, विद्युत सुविधा पुगेको छैन, लछमनिया गर्मीले घरभित्र सुत्न बस्न नसकी आँगनमा रहेको निम रूखका फेदीमा चारपाई राखेर सुतेकी छे। प्रकृति प्रदत्त चैतको पूर्वी हावाले लछमनियाको बारीमा रहेका महुवाका बोटको फूल झर्न थालेको कुरा प्रस्तुत साक्ष्यले सङ्केत गरेको छ। यसरी प्रस्तुत कथांशमा चैत्रको पूर्वी हावा, खेत, महुवाको बोट, शुक्र तारा, बिहानको झिसमिस, नीमको बोट आदिको चर्चामा भूगोल, प्रकृति, पर्यावरण, हावापानी, मौसम, बोटबिरुवा आदि रहेको र यसले लछमनियाको गाउँको सामजिक जीवनपद्धतिलाई प्रभाव पारेको कुरा बुझ्न सकिन्छ।

त्यसैगरी लछमनियाको गौना कथाले कल्पनामा वर्णन गरेको कथाञ्चलको भूगोल पश्चिम नेपाल बाँके जिल्लाको ग्रामिण भेकसलेनपुर, जोगा गाउँ, गङ्गापुर आदि स्थान हुँदै नेपालगञ्ज बजार र नेपाल-भारतको सीमाक्षेत्र रुपैडियासम्म फैलिएको कुरा निम्न साक्ष्यबाट पनि स्पष्ट देख्न सकिन्छ : लछमनिया कल्पना गर्छे- गौना गराएर गङ्गापुरवाला उसलाई डोलीमा लिएर गाउँका सिवानका सडकसम्म लाग्छ। त्यसपछि टाँगामा चढेर तिनीहरू शहर पुग्छन्। शहरपछि नेपाली राजका सिमानापारी जान्छन्। गाडीमा ऊ गङ्गापुरवालासँग ढोपिएर बस्छे। गङ्गापुरवाला ऊतिर हेरेर मुसुक्क हाँस्छ (पृ.२१४)।

प्रस्तुत कथनानुसार कथाञ्चल बाँकेको जोगा गाउँ, सलेनपुर आदि ग्रामीण भेकबाट लछमनियालाई माइतीपक्षले गौना गराएर गाउँको बाटो हुँदै डोलीमा बोकेर नेपालगञ्जको बजारसम्म गाउँलेले पुऱ्याइदिने छन्। त्यसपछि नेपालगञ्ज बजारबाट टाँगामा बसेर नेपाल-भारतको सीमासम्म जाने र भारतको रुपैडिया बजारबाट गाडीमा लछमनिया गङ्गापुरवालासँग ढेपिएर बस्ने कल्पना गरेकी देखिन्छ। यहाँ लछमनियाले कल्पना गरेको भूगोल तराईको समथल भूभाग भएतापनि ग्रामीण भेक गाडी घोडा नचल्ने दुर्गम क्षेत्र

भएकाले लछमनियालाई डोलीमा बोकेर गाउँको सीमा नेपालगञ्जको बजारसम्म पुऱ्याइदिने कुरा उल्लेख छ भने नेपालगञ्जको बजारदेखि नेपाल-भारतको सीमा रुपैडियासम्म त्यस भेकको भूगोल बाटोघाटोको सुविधायुक्त सुगम रहेकाले गाडीघोडा चढेर सवार गर्ने कल्पना गरेको देखिन्छ।

**सामाजिक संस्कृति तथा लोकतत्त्वको उपस्थिति**

'लछमनियाको गौना' कथाका परिवेश बाँके जिल्लाको राज्यको सेवा सुविधामा नजर नपुगेको दुर्गम दक्षिणी भेक हो। त्यस क्षेत्रमा तेली, थारु, पासवान, कुर्मी, यादव जस्ता आदिवासी जातजातिको बसोबास रहेको र ती जातजातिहरूको आफ्नै विशिष्ट जीवनप्रणाली र विशिष्ट पहिचान रहेको छ। कथाले ओगटेको भूभागमा आफ्नै प्रकृतिको तत्स्थानिक सामाजिक संस्कृति र लोकविश्वास छ। त्यसैले यहाँ लछमनिया पतिको घरमा स्थायी रूपमा बस्नुपूर्व सानै उमेरमा केटाकेटीको बाबुआमाको सहमतिमा बालविवाह गरिदिएका छन्। यहाँ पछि केटाकेटी जवान भएपछि केटीलाई केटापक्षले गौना गरेर घरमा लैजाने सामाजिक प्रचलन तथा संस्कृति रहेको कुरा लछमनियाले देखेको रातको सपनाको निम्न भनाइको साक्ष्यबाट स्पष्ट हुन्छ : निद्रा खुल्दा कति नरमाइलो लागेको। कति मीठो सपना देखिरहेकी थिएँ। सपनामा गङ्गापुरवालासँग भेट भएको थियो। कस्तो गबरू जवान देखिएको, हेरिरहूँजस्तो। खै ! उहिले बिहेमा देखेकी थिएँ। सानो बालखै थियो। म पनि त बालखै थिएँ नि ! सानी गुडियाजस्तै (पृ.२१३) ।

प्रस्तुत कथांशको कथनानुसार लछमनियाको रोटीबेटीको सम्बन्ध रहेको भारतका उत्तराखण्ड गङ्गापुरवालासँग बालविवाह भएको छ। कथाञ्चलका ग्रामीण एवं सहरी इकाइहरूबाट भारतको खासगरी बिहार क्षेत्रका मानिसहरूसँग विहाबारी गर्ने अर्थात् दुलही लैजाने र ल्याउने परम्पराले सामाजिक संस्कारको निर्माण गरेको छ। यस समाजका मानिसहरूमा छोरीको प्रथम रजस्वला पूर्व नै विवाह गरिदिएमा पारिवारिक सुख शान्ति र पुण्य मिल्छ भन्ने लोकविश्वासले बालविवाहको सामाजिक संस्कार निर्माण गरेको छ। यहाँ विवाहको समय गङ्गापुरवाला सानो बालखै थियो र म पनि बालखै थिए भनि कथांशमा स्वीकार गरिएको छ। नेपाल सरकारको कानुनमा बीस वर्ष नपुगी विवाह गर्न नपाइने छ, तर यस क्षेत्रको समाजमा रहेको बालविवाह प्रतिको लोकविश्वासले कानुनलाई धज्जी उडाई समाजमा विकृत र अमानवीय संस्कार निर्माण गरेको छ। यस प्रकारको परम्पराले दुलाहा वयस्क हुँदै जाँदा उसको बौद्धिक, शारीरिक, मानसिक, आर्थिकस्तर आदि दुलहीका पक्षसँग नमिल्दा पछि दुलाहाले गौना गरी नलान पनि सक्ने कमजोर परम्पराले दुलहीपक्षलाई सधैं मानसिक रूपमा डरत्रासले पीडा दिइरहने कुरा लछमनियाले गङ्गापुरवालासँग सपनामा व्यक्त गरेको कुराबाट बुझिन आउँछ।

त्यसैगरी बरमराक्षसले गाउँका तरूनी छोरीबुहारीहरूलाई समाउँछ रे, समातेपछि तरूनीका जिउमा कस्तो-कस्तो हुने र हुन्छ रे, भन्ने कुरा कथाञ्चलको समाजमा लोकविश्वास भई आएको कुरा लछमनियाले व्यक्त गरेको निम्न साक्ष्यबाट स्पष्ट हुन्छ :

> *नदीमा आषाढ साउनमा हर्हराएर आएको बाढीझैँ के के हो उसका आभ्यन्तरमा हर्हराएर उर्लने गर्छ। लछमनियालाई हिजोआज यस्तो भएका बेला सर्वाङ्ग सिरिङ्ग-सिरिङ्ग हुन थाल्छ।*

> *हातगोडा बटारिन्छन्, जिउ तन्किन्छ, अनि ऊ थर्थर काम्न थाल्छे। ....ऊ सशङ्क हुन्छे-गाउँका पूर्वपट्टि अवस्थित पीपलका बरमराकसले त उसलाई समातेन ? गाउँलेहरू भन्छन् त्यस पीपलका बोटमा बस्ने राकस निकै रसिया छ, खोजिखोजी गाउँका तरूनी छोरीबुहारीहरूलाई समाउँछ। त्यसले समातेपछि यस्तै हुन्छ रे ! अनि निकै पूजाआजापछि मात्र छोड्छ रे। (पृ.२१३)*

प्रस्तुत कथनानुसार लछमनियाको जवानी उर्लेर आएको छ, उसको गौना भै पति सुख प्राप्त गरेकी छैन्। आजभोलि सपनामा सधैँ उसको पति गङ्गापुरवालालाई देख्दछे। लछमनियाको जिउको आभ्यन्तरमा चढेको यौवन साउनको भेलभैँ उर्लेको छ। यौवनावस्थाले मदमत्त भएको जिउ यदाकदा सिरिङ्ग-सिरिङ्ग हुँदै थर्थर काम्छ। त्यस समयमा उसले आफूलाई के भएको हो भन्ने कुरा थाहा पाउँदिन। गाउँमा बरमराक्षसले तरूनी छोरीबुहारीलाई समाउँछ भन्ने यस अन्धविश्वासप्रतिको जनविश्वास लछमनियाको समाजले मान्यता दिई आएको छ। त्यसैले आफूलाई त्यस्तो हुनाका पछाडि बरमराकसको खेल पो होकि भन्ने ठान्दछे। अनि पूजाआजापछि मात्र राक्षसले छोड्छ रे भन्ने जनविश्वासले सामाजिक संस्कार निर्माण गरेको छ। यस जनविश्वासले समाजले मानी विश्वास गर्दै आएका आफ्ना आराध्यदेवदेवीलाई भाकल गरे प्रसाद चढाए आफ्नो मनोकामना पूरा हुन्छ भन्ने लोकविश्वासअनुसार लछमनियाले नेपालगञ्जस्थित वागीश्वरी मातालाई पुकारा गरेको कुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छ :

> लछमनियाले छिटोछिटो महुवा बिन्न थाली। "आज .... बाबा गौना दिन नमान्ने, ऊचाहिँ यहाँ घरजुबाईं बस्न नमान्ने। सम्धी-सम्धीका भगडामा मेरो जवानी त्यसै खेर गइरहेछ। हे वागीश्वरी मइया ! बाबाको मति फिराइदेऊ। तिम्रो मन्दिरमा प्रसाद चढाउँला, कथा गरौँला।" लछमनिया मनमनै गुनिरहेकी छ। (पृ.२१५)

प्रस्तुत कथनानुसार यहाँ लछमनियालाई आफ्नो जवानी आफैंलाई बोभ भएको छ। उसलाई घरको एक्लो सन्तान भएर जन्म हुनुमा गर्व हुनुको सट्टा भारी बनेको छ। घरमा अन्धी आमा र बुढा बाबु छन्। गङ्गापुरवाला उसको घरमा घरजुवाई भएर बस्न नमान्ने, बाबु गौना दिएर पठाउन नमान्ने यी दुईको जुधाइमा लछमनियाको जवानी खेर गइरहेको भाव व्यक्त गरेकी छे। लछमनियाको भविष्यमाथि अहिले सङ्कट परेको छ। यस सङ्कट मोचनका लागि र आफूलाई गौना दिई घरमा पठाई दिनेतर्फ, आफ्ना बाबुको बुद्धि फिराई पाउँनका लागि लोकले विश्वास गरेकी आराध्य देवी वागेश्वरी मातालाई प्रसाद चढाउँला, कथा लगाउँला भनी लछमनिया पुकारा गरेकी छे। यस लछमनियाको मनमनैको पुकाराले सामाजिक संस्कार निर्माण गरेको छ।

**आर्थिक अवस्था**

'लछमनियाको गौना' कथाको कथाञ्चलको आर्थिक अवस्था सबल रहेको देखाइएको छ। लछमनियाको बाबु बुद्धू तेलीको पेसा गाउँलेको लाही आफ्नो कोलमा पेलेर तेल दिने छ। तर आजभोलि पल्ला गाउँमा आधुनिक प्रविधिको मेसिन ल्याएदेखि धेरैजसो मानिसहरू मिलमै लाही लिएर तेल पेल्न जाने भएकाले बुद्धू

तेलीको कोल बन्द जस्तै छ। त्यसैले उसले आफ्नो आम्दानी वृद्धि गर्न वा घरव्यवहार मजबुत बनाउन महुवाको रुख सहितको एक बिघा खेत किनी घरको आर्थिक स्थिति मजवुत बनाएको कुरा निम्न साक्ष्यबाट स्पष्ट हुन्छ : "बाबाले नै बुद्धि पुऱ्याएर महुवारी नजिकको यो एक बिघा र महुवारीको लोभले गङ्गापुरवाला आउला र हामीलाई पाल्ला भन्ने आशा बाबाले छोडेका छैनन्। तर उनीहरू पनि आफ्ना इलाकाका हुने खाने हुन्। ऊ पनि पढे लेखेको छ। त्यसैले यहाँ घरजुवाई बस्न मानेको छैन " (पृ. २१५)।

प्रस्तुत कथनानुसार कथाञ्चलमा रहेका लछमनियाको घर र माइतीतर्फको आर्थिक अवस्था सवल रहेको देखिएको छ। "अञ्चलको विशिष्ट भौगोलिक तथा प्राकृतिक पर्यावरण तथा संस्कृतिले त्यहाँको उत्पादन प्रणालीको निर्धारण गरिरहेको हुन्छ। अञ्चलको भूमि, जलस्रोत, वनजङ्गल, मौसम, हावापानी आदिले मानिसका पेसा व्यवसायलाई निर्देशित गरिरहेको हुन्छ "(सुवेदी, २०६८, पृ.४३)। यस अनुसार कथाञ्चलको भूगोल तराई बाँके जिल्लाको दक्षिणी भेग विकट क्षेत्र रहेको छ। लछमनियाका बाबुको पेसा कृषिका अतिरिक्त उसको जातीय कर्म अनुसारको गाउँलेको लाही आफ्नो कोलमा पेलेर तेल दिने रहेको छ। लछमनियाको बाबुको एक घर, दश ओटा महुवाको रुख, एक विघा जमिन र चौपाया रहेका छन्। त्यसैगरी सिजनअनुसार खेतमा धान, गहुँ, अढरी, लाही आदि उत्पादन गर्ने र किनी ल्याएको महुवाको दाना बिक्रीबाट धनआर्जन गर्ने देखिएकोले बुद्धू तेलीको आर्थिक स्थिति सवल रहेको छ। त्यसैगरी लछमनियाको दुलाहा घरतर्फ दाजुभाइ छ जना रहे पनि उनीहरू त्यस इलाकाका हुने खाने नै रहेका कुरा लछमनियाले व्यक्त गरेकी छे। लछमनियाको दुलहा हुने खाने भएकै कारण माइतीघरमा घरजुवाई बस्न मानेको छैन्। यहाँ कथाअनुसार लछमनियाको घर र माइतीको आर्थिक अवस्था सवल रहेको कुरा देखिन्छ।

### शैक्षिक स्थिति

'लछमनियाको गौना' कथाको कथाञ्चलमा शैक्षिक अवस्था कमजोर रहेको देखाइएको छ। त्यस भेकमा उच्च वर्ग र जातिका मानिसहरू नेपालका ठुला शहर तथा भारतमा गई पढाई गर्ने र निम्न वर्ग र जातिका मानिसहरू गाउँमै बाह्रैकाल कृषिमा खटिनु पर्ने देखिन्छ। यहाँ निम्न जातिका, निम्न वर्गका मानिसहरूमा निम्न आय भएकै कारणले हो वा शैक्षिक जागरण आई नसकेका कारणले हो अघिल्लो पुस्ताका बुद्धू तेलीजस्ता व्यक्तिमा मात्र नभएर उसकी छोरी लछमनिया र उसका समकालीन युवायुवतीहरू पनि शिक्षित नभएबाट कथाञ्चलको गाउँमा शिक्षाको अवस्था कमजोर छ भन्ने कुरा लछमनियाले गङ्गापुरवालालाई बडघरको बुहारी घौँडीबाट चिठी लेखाई माग्ने निम्न भनाइका साक्ष्यबाट स्पष्ट हुन्छ : चन्दा भौजी माइत जान्छु भन्थिन्। गइन् भने बाबा दैयाको हालत घरको परिस्थिति र आफ्नो इच्छा सबै खोलेर सम्झाए पाती लेखेर पठाउनुपर्ला। बडघर बहूकी घौँडी स्कुलमा पढ्छे, त्यसैसँग लेखाउनुपर्ला। (पृ.२१७)

प्रस्तुत कथनानुसार कथाञ्चलका ग्रामीण भेकमा शिक्षासम्बन्धी चेतनाको जागरण भर्खर नयाँ पुस्ताका सीमित उच्च वर्गका परिवारमा मात्र आएकाले बडघर बहूकी घौँडी स्कुलमा पढन लागेकी कुरा बुझ्न सकिन्छ। बडघर अर्थात् गाउँका जमिन्दारकी बहूले स्कुल पढने गरेको र लछमनियाले चिठी घौँडीबाट लेखाइमाग्ने कुराले अझै पनि शिक्षा उच्च वर्ग एवं जातिमा मात्र सीमित रहेको र गरीखाने वर्ग अर्थात तेली,

मुसहर, यादव, ठाकुर, थारु जस्ता तल्लो जातजातिकालागि पहुँचमा नरहेको कुरा लछमनियाले आफ्नै उमेरकी घौंडीबाट चिठी लेखाई माग्ने कुराले स्पष्ट पारेको छ। त्यसैगरी कथाञ्चलका क्षेत्रमा शिक्षाको अवस्था कमजोर देखिएको छ भने सीमापारि भारतको गङ्गापुरतिर शिक्षा सबैको पहुँचमा र आर्थिक अवस्था पनि बलियो रहेको कुरा लछमनियाले कथामा गङ्गापुरवालाको गरेको वर्णनबाट स्पष्ट हुन्छ। यसरी कथाञ्चलका क्षेत्र भारततिर भन्दा नेपालतिर शिक्षाको स्थिति कमजोर रहेको बुझिन्छ।

**भाषिक प्रयोग**

'लछमनियाको गौना' कथाको कथाञ्चलमा अवधी भाषीको बसोबास बाक्लो भएका कारण कथामा त्यसको प्रभाव व्याप्त रहेको छ। सर्वप्रथम कथाको शीर्षकमा आएका लछमनिया र गौना दुवै पद कथाञ्चल तराई भेकमा प्रचलित नाम र संस्कृतिसँग सम्बद्ध रहेको देखिन्छन्। कथामा पात्रहरूले बातचितमा प्रयोग गरेका भाषा र आख्याताले प्रयोग गरेका भाषा दुवै विशिष्ट रहेको पाइन्छ। कथामा आख्याताले प्रयोग गरेका पुरबैया, सिवान, कथरी, आदि शब्द र पात्रहरूले प्रयोग गरेका भिनसार, बैल, गौना, चन्दा भौजी, लाही, पेरेर, ओसारा, छैटी, भूसा, गवरू जवान, आँगुर, घाँस छिलेर, भेडैभेड, ढीक, बरमराकस, गाउँका सिवान, रसिया, भोरहरी, दुआर, रे चोट्टी, व्याह, मौज, पनचक्की, ककरी, करम, लोरपोछन्, चकचुइया झुला, घाघ आदि पदावली भाषिक आञ्चलिकताका दृष्टिले वर्णनीय रहेका छन्। यहाँ सुरसतिया, रतनी, सुगवा, मइया, दैया, बेटवा, पण्डिताइन चाची, बडघर बहू, परधान, सलेनपुर, गङ्गापुर आदि पात्र, नाता र स्थान विशेषले स्थानीयता जनाएका छन्। त्यसैगरी भाषिक आञ्चलिकताका सन्दर्भमा लछमनियाको आमाले बिहानीपखमस्त निद्रामा सुतिरहेकी छोरीलाई उठाउन खोज्दा प्रयोग गरेका निम्न वाक्यको साक्ष्यबाट स्पष्ट हुन्छ : "लछमनिया ! उठ !, भीनसार भैसक्यो ! चराहरू चूँचूँ गरिरहेका छन्। रामरतिका मुर्गाले बाँग दिइरहेछ। घरको काम छिनेर सिवानतिर जानुपर्छ। अरूले महुवा बिनेर लगिदेलान्।" (पृ.२१२)

प्रस्तुत कथनानुसार स्थानीय अवधी भाषिकाबाट लछमनियाकी आमाले सुतेकी छोरीलाई उठाउन रामरतिका मुर्गाले बाँग दिइरहेछ, भीनसार भैसक्यो, घरको काम सकेर बारीमा फलेको महुवा किनेर ल्याउनुर्छ, उठ भनिरहेकी छन्। कथाञ्चलमा आएका यी विशिष्ट भाषिक शब्द र वाक्यहरू विशिष्ट आञ्चलिक तत्त्वका रूपमा आएको देखिन्छ। त्यसैगरी लछमनिया नदीबाट पानी लिएर रातको सपनामा देखेकी गङ्गापुरवाको मिठो सम्झनामा डुबुल्कीमार्दै लरखराउँदै सडकमा फर्कदै गर्दा गाउँकी पण्डिताइन चाचीसँग ठक्कर खान पुग्छे। लछमनियाले बोकेको पानीको गाग्रो भुइँमा खसी पण्डिताइन भिज्दा उनी रिसाइ निम्न वाक्यहरूबाट गालीगलौज गर्दा कथाञ्चलको अवधी भाषिकामा व्यक्त गरेको स्पष्ट देख्न सकिन्छ :

> *"हाय दैया ! यस तेली मसान, लछमनिया राँडले मारी बाबा ! राँड मारे जवानीको ओगराइरहेकी छ, आँखा पनि देख्तिन। एक बिहानै अपसकुन गरिदिई। कसैलाई नचढेको जवानी चढेको छ यसलाई। बडो उन्माद चढेको छ, बडो जवानीको केशा चढेको छ, भने गौना किन जान्नसे ? जा आफ्ना भतारका छानीमामुङ् दले दिदामरी।" (पृ.२१४)*

प्रस्तुत कथनानुसार लछमनिया नदीबाट गाग्रामा पानी लिएर रातको सपनामा देखेकी गङ्गापुरवाको मिठो सम्झनामा डुबुल्की मार्दै लर्खराउँदै फर्कंदै गर्दा सडकमा पण्डिताइनसँग ठक्कर खाई गाग्राको पानीले उनको शरीर भिज्दा उनी रिसाइ लछमनियालाई हाय दैया, यस तेली मसान, राँड मारे जवानीको ओगराइरहेकी छ, केशा चढेको, भतारका छानीमा मुङ् दले दिदामरी भनेर अवधी भाषिकामा तथानाम गालीगलौज गरेकोबाट कथामा भाषिक आञ्चलिकता ब्याप्त रहेको देखिन्छ। यी वाक्यहरूले कथालाई स्थानीय रङ्युक्त मात्र बनाएका छैनन्, विशेष रोचक पनि बनाएका देखिन्छ।

**निष्कर्ष**

कथाकार रेग्मीको 'लछमनियाको गौना' कथा बाँके स्थित राप्ती नदी पारिका पुरैना, लक्ष्मीपुर, भगवानपुर, गङ्गापुर आदि ग्रामीण इलाकाबाट नेपालकै सरहदमा बिहाबारी कम र भारतको विहारखण्डमा परापूर्वकालदेखि नै धेरै हुने गरेको छ। कथामा लछमनियाको विवाह बाल्यकालमै भारतको गङ्गापुरवालासँग भएको थियो। अहिले लछमनिया जवानी भएकी छे। ऊ अहिले पति सुखबाट बञ्चित छे। एकदिन लछमनियाले सपनामा देख्ने गरेकी गङ्गापुरवाला जस्तै गबरु जवान रामपुरवालासँग दक्षिणतर्फको सीवानमा घाँस खुर्कंदै गर्दा भेटघाट हुन्छ। भेटको बातचितमा रामपुरवालाले छलछाम गरि आफूलाई गङ्गापुरवाला नै भएको, लछमनियालाई लिन आएको कुरा बताउँदा उसले विश्वास गरिदिँदा सीवानबाटै भगाई उसको भविष्य अनिश्चित गराएको छ। कथाञ्चलको समाजमा व्याप्त रहेको बालविवाह जस्तो कुप्रथाले यस क्षेत्रका नारीहरूका भविष्य अनिश्चित प्राय हुने गरेको, जवानीमा यौनबाट बञ्चित हुनु परेको, सामाजिक अवहेलना बेहोर्नु परेको जस्ता अवस्थाले गाउँका जवान चेलीको जीवन दिनानुदिन बर्बाद हुँदै गएको कुरा कथाको निष्कर्ष रहेको छ। यसरी कथामा ग्रामीण परिवेश, भाषाशैली तथा लाकेजीवनको चित्रण गरिएकाले यो आञ्चलिकता भएको कथा भएको पुष्टि गर्न सकिन्छ।

**सन्दर्भ सामग्रीसूची**


अश्क, गोपाल. *सनत ७५.* (सम्पा.) काठमाडौँ : तन्नेरी प्रकाशन, २०७८।

आप्टे, वामन शिवराज. *संस्कृत हिन्दी कोश.* दिल्ली : मोतीलाल बनारसीदास, सन् १९६६।

*इन्साइक्लोपेडिया ब्रिटानिका.* भोलुम ९. न्युयोर्क : भ्यासमिलियन कम्पनी, सन् १९८१.।

जैन, नगीना. *आञ्चलिकता और हिन्दी उपन्यास.* नयी दिल्ली : अक्षर प्रकाशन, सन् १९७६।

सापकोटा, कृष्णप्रसाद. *ध्रुवचन्द्र गौतमका उपन्यासमा आञ्चलिकता,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय, २०७४.।

सुवेदी, धनप्रसाद. *नेपाली आञ्चलिक उपन्यासका प्रवृत्ति.* कीर्तिपुर : अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय, २०६८।

पौडेल, वन्दना. 'सटाहा कथामा आञ्चलिकता' *प्राज्ञिक विज्ञ समीक्षित जर्नल.* सुर्खेत : वर्ष १, अङ्क १, २०७५, पृ.५९-६५।